पंचांग
तमसो मा ज्योतिर्गमय
अफसेट प्रविधिमा जनकपुरधाममा प्रकाशित भइरहेको जेठो राष्ट्रिय दैनिक

# विश्व जागरण

www.facebook.com/Bishwajagaran Dainik , rabindrashah
E-mail: jagaran083@gmail.com / rabindrashah@yahoo.com
Daily Bishwa Jagaran

दैनिक विश्व जागरणमा विज्ञापनका लागि सम्पर्क गर्नुहोला
041-591083
9817690799

● वर्ष २६ ● अंक ११७ ● जनकपुरधाम ● २०८१ साल, असार १६ गते आइतबार ● Sunday, 30 - Jun., 2024 ● मूल्य रु. ३/-

राजनीतिक लोकप्रियतावादको जोखिम - पृष्ठ २ मा
अन्तर्राष्ट्रिय समाचार, ENGLISH-NEWS - पृष्ठ ३ मा
प्रादेशिक अस्पताल जलेश्वर न्यूनतम सेवा मापदण्ड ..... - पृष्ठ ४ मा

## शिक्षा विकास निर्देशनालयका हाकिम ठाकुरको कमिशन मोह, साढे १० करोडको योजना अलपत्र

जासस

जनकपुरधाम, असार १५ ।

एक त मधेशको शिक्षा विकास सुस्त गतिमा छ, त्यस माथी सोहि उद्देश्यका साथ आएका करौडोको योजनाहरु कुनै कसैको व्यक्तिगत प्रभावमा पनि असफल भएर बजेट फ्रिज हुने समस्याले शिक्षा विकास गति लिन नसकिरहेको परिपेक्षमा अर्को एक समस्या बाहिरएको छ ।

मधेश सरकार मातहतको शिक्ष विकास निर्देशनालय जनकपुरधामका का.मु. प्रमुख दिलिप ठाकुरको कमिसन र आफन्त मोहका कारण शिक्षा विकासका लागि छुटयाइएको साढे १० करोडको योजना अलपत्र परेको आरोप लगाइएको छ । नेपालका अन्य प्रदेश वाहेक शिक्षाको गुणस्तर र शैक्षिक वृद्धिदरमा एकदमै पछाडि रहेको मधेश प्रदेशको आठ वटा जिल्लाका कुल ६४ विद्यालयमा गुणस्तर शिक्षाका लागि आएको योजना अलपत्र पारिएको छ ।

निर्देशनालयले आ.व.२०८०/०८१ को मिति २०८०/१२/११ गतेको ठेक्का नम्वर भ्म्मः ए/ल्त्रःद्य/न्इइम्क/ण्डण/ण्डज्ञ/ण्ज्ञ अनुसार बोलपत्र आह्वान गरेकोमा प्राइम सफ्ट सर्भिसेज प्रा.ली. लाई निर्देशनालयको मिति २०८१/०१/२७ र २०८१/०१/३० गतेको पत्र अनुसार क्रमश प्राविधिक र आर्थिक प्रस्ताव खोल्ने भनि पत्र प्राप्त भएको र बैशाख ३० गते नै मुचुल्का समेत उठाइएको प्रमाण सहि दावी गर्दै सर्भिसेज प्रा.ली.का यज्ञ न्यौपानेले ४६ दिन वितिसक्दा पनि आफुहरुलाई कुनै जानकारी नगराई अचानक ठेक्का रद्दको सुचना जारी गरेको आरोप लगाए ।

न्यौपानेले भने, 'प्राविधिक र आर्थिक टेन्डर परेपछि म करिव १० करोडको समान पनि मगाई सकेको छु, तर निर्देशक ठाकुर आफनो मान्छेलाई नपर्ने देखेपछि अहिले ठेक्कानै रद्द गर्ने काम गर्न लागिपरेको देखियो ।'

निर्देशनालय प्रमुख ठाकुरको भाईको चासो रहेको ठेकेदार कम्पनीलाई योजना अन्तर्गत विद्यालयहरुमा वितरण गर्नका लागि किन्नुपर्ने प्रोजेक्टर र डिजिटर उपकरण सहितको सरसमान उपलब्धताको ठेक्का नपर्ने देखेपछि ठाकुरले कसैको सुनुवाई नगरि ठेक्का प्रक्रिया रद्द गर्ने सुचना जारी गरेपछि विद्यालयहरुको स्तरोन्तीको योजना विफल हुने देखिएको छ ।

ठेक्का प्रक्रियामा कुनै कम्पनीको प्राविधिक र आर्थिक प्रस्ताव स्वीकृत भईसकेपछि ठेक्का रद्द गर्ने कुनै पनि कानुनी बाटो नरहेको, मन्त्रालयका सचिव, मन्त्री, धनुषाका प्रमुख जिल्ला अधिकारी सहितकाले समेत प्रक्रिया अनुसार योजना अगाडि बढाउन निर्देशन दिदा समेत निर्देशक ठाकुर बलजफदी ठेक्का रद्द गर्ने मनशायमा लागेको उनीहरुको आरोप छ । मधेश सरकारको रातो किताबमा औपचारिक रुपमा रहेको योजनामा विधिवत टेन्डर भएर प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकृत भइसकेको अवस्थामा पनि एकजना हाकिमको व्यक्तिगत रबैयाले आफुहरु समस्यामा परेको ठेकेदार कम्पनीको दुखेसो छ ।

एता यस विषयमा का.मु. निर्देशक ठाकुरले धनुषाको सिडिओको रोहबरमा छलफल भएर सार्वजनिक खरिद ऐन अुनसार निर्णय लिन भएको सहमती बमोजिम आफुले कदम चालेको बताउदै ठेकेदार कम्पनीलाई चित नबुझेको खण्डमा निवेदन दिएर जानकारी लिन सक्ने वा कानुनी उपचारमा जान सक्ने प्रतिक्रिया दिएका छन् ।

## संक्षिप्त समाचार

### जेठो विद्यालयको निरीक्षण

जासस, महोत्तरी, असार १५ गते ।

गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष नेतृत्वको टोली शनिबार महोत्तरी सदरमुकाममा रहेको प्रसिद्ध जलेश्वरनाथ मन्दिरको दर्शन गरी नेपालकै जेठो मानिने विद्यालयको अवलोकन गर्नुभएको छ ।

कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदी, महाप्रबन्धक लालबहादुर ऐरी, गोरखापत्र दैनिकका निमित्त प्रधान सम्पादक शिवकुमार भट्टराईसहितका टोली मटिहानीमा रहेको नेपालकै पहिलो राजकीय संस्कृत माध्यमिक विद्यालयमा पुगेर विद्यालय बारेमा जानकारी लिनुका साथै विद्यालयको अवलोकन गर्नुभयो । विद्यालयका बटुकहरुले उहाँहरुलाई रुद्रीपाठले स्वागत गर्नुका साथै विद्यालयका प्राचार्य ईश्वरी पौडेलले विद्यालयको अवस्थाबारे जानकारी गराउनुभयो । उहाँले नेपालकै जेठो पत्रिका गोरखापत्रको टिमलाई जेठो विद्यालयमा स्वागत गर्न पाउँदा खुशी लागेको बताउनुभयो ।

सो अवसरमा गोरखापत्र संस्थान टोलीको तर्फबाट महाप्रबन्धक लालबहादुर ऐरीले स्वागतका लागि धन्यवाद व्यक्त गर्नुभयो । उहाँहरुले नेपालको प्रसिद्ध मठको रुपमा रहेको लक्ष्मीनारायण मठको पनि अवलोकन गर्नुभयो । टोलीलाई मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले मायाको चिनो, गमछासहित स्वागत गर्नुका साथै मटिहानीको वर्तमान स्थितिबारेमा जानकारी गराउनुभएको थियो । गोरखापत्र टोलीले नगरप्रमुख मण्डल र प्राचार्य पौडेललाई गोरखापत्रको पहिलो अंक र पुस्तक मायाको चिनोको रुपमा हस्तान्तरण गर्नुभयो ।

## प्रदेश सरकारले प्रदेश शिक्षा नीति ल्याउन गृह कार्य सुरु गरेको छ : शिक्षा मन्त्री लेखी



जासस

जनकपुरधाम ,असार १५ गते । मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री राज कुमार लेखीले मधेश प्रदेशको शिक्षामा समग्र सुधारका लागि प्रदेश सरकारले प्रदेश शिक्षा नीति ल्याउन गृह कार्य सुरु गरेको बताउनुभएको छ ।

शिक्षा निर्देशनालय मधेश प्रदेशले जनकपुरधाममा गरेको विद्यार्थी भर्ना तथा टिकाउ दर सम्बन्धी चुनौती र समाधानका उपाय विषयक दुई दिने प्रदेश स्तरीय बृहत् शिक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रमको शनिबार समापन्न कार्यक्रममा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

प्रदेश गठन भएको सात वर्ष बित्न लाग्दा पनि मधेश प्रदेशमा शिक्षा नीति आउन नसकेको कारण शिक्षाको क्षेत्रमा विभिन्न खालका चुनौतीहरू देखिएको भन्दै उहाँले शिक्षा नीति ल्याउनकै लागि मन्त्रालयले सरोकारवाला निकायसँग विभिन्न खालका छलफलहरू चलाएको बताउनुभयो । मधेश प्रदेशको बजेटमा शिक्षा क्षेत्र छैटौं प्राथमिकतामा परेको जानकारी गराउँदै सीमित स्रोत साधनका बाबजुद आफ्नो मन्त्रालयले समाजवाद उन्मुख आधारभूत वर्गलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्न लागेको जानकारी गराउनुभयो ।

उहाँले अगामी आर्थिक वर्षमा प्रदेशका केही विद्यालयलाई नमुना विद्यालयको रूपमा विकास गर्नुका

- बाँकी पृष्ठ ४ मा





"भाषा संस्कृति सभ्यता के होइत जत अपमान, वचतइय केकर अस्मिता फेरु रहतइय केकर शान ।
तइ हे वीर मधेशी अई आंहा सं यह पुकार, अपन अस्मिता रक्षा हेतु आगा वढु ।।"



क्रान्तिकारी पूरुष रवीन्द्र

मद्य, मांस, मदिरा तथा सूर्तीजन्य लागु पदार्थहरुको विज्ञापनका लागि कष्ट नगर्नु होला ।



**अनमोल बचन**

शहनशिलता मानव को महामानव बनाता है ।

- रविन्द्र शाह

# राजनीतिक लोकप्रियतावादको जोखिम

*जिम्मेवार नेतृत्वमाथि उठेका तर्कपूर्ण प्रश्नको राजनीतिक जवाफ दिनु नेतृत्वको जिम्मेवारी हो । तर प्रश्न उठ्नबाट वञ्चित गर्ने, प्रश्न उठाउने व्यक्तिमाथि सामूहिक आक्रमण गर्ने परिपाटी आफैंमा अधिनायकवादी राजनीतिको संकेत हो ।*



- जेबी विश्वकर्मा

राजनीतिक दर्शनशास्त्र समाज, राजनीति र अर्थतन्त्रलाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने विश्व दृष्टिकोण हो । तिनै दृष्टिकोण र विचारका आधारमा राजनीतिक पार्टी र संगठन निर्माण हुने गर्छन् । लोकतान्त्रिक व्यवस्थामा राजनीतिक पार्टीले राज्य सञ्चालन गर्छन् । यसर्थ, तिनै राजनीतिक पार्टीले अवलम्बन गरेको विचार, सिद्धान्त र दृष्टिकोण नै राज्य सञ्चालनका क्रममा अभ्यासमा आउँछन् ।

**राजनीतिक लोकप्रियतावादको जोखिम**

त्यसैले राज्य सञ्चालन गर्ने पार्टीको राजनीतिक दृष्टिकोण के छ भन्ने कुराले जनताको जीवन कस्तो हुन्छ भन्ने कुरा निर्धारण गर्छ । हुन त कुनै राजनीतिक सिद्धान्तको जरुरी छैन भन्ने पार्टी पनि छन् तर कुनै वैचारिक दृष्टिकोण अपनाउँदैनौं भन्नु आफैंमा यथास्थितिवादी विचारको प्रतिनिधित्व गर्नु हो ।

हुन त संसारभरि नै राजनीतिक विचार र दृष्टिकोणबारे बहस कमजोर हुँदै गएको छ । संसारभरि सबैभन्दा धेरै चर्चा हुने मार्क्सवाद होस् वा पुँजीवाद, यस्ता सैद्धान्तिक राजनीतिक प्रश्नमाथिको बहस कुनै निष्कर्षमा पुगिरहेको छैन । यसैको परिणाम संसारभरि नै लोकप्रियतावाद (पपुलिजम) राजनीति बढ्दो क्रममा छ । यस्तो राजनीतिको मुख्य लक्ष्य जनतालाई आकर्षक नारा दिएर राजनीतिक सत्ता प्राप्त गर्नु हो । अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प हुन् वा ब्राजिलका बोल्सोनारो वा भारतका नरेन्द्र मोदी सबैले जनताको आवश्यकताभन्दा पनि भावनालाई शक्ति आर्जनको हतियार बनाएर राजनीति गर्छन् । ट्रम्पले ह्वाइट सुप्रिमेसी र आप्रवासीविरोधी विचारलाई प्रियतावादी राजनीतिक अभियानमा प्रयोग गरेका थिए भने मोदीले हिन्दु अतिवादलाई । यसरी निश्चित समूहलाई अर्को समूहविरुद्ध प्रयोग गर्नु प्रियतावादको राजनीतिक दर्शन हो ।

यस्तो प्रियतावादी राजनीतिको आधार भने स्थापित राजनीतिक पार्टीहरू नै हुन् । स्थापित राजनीतिक पार्टीहरूले विगतमा ठूला-ठूला क्रान्ति, संघर्ष र आन्दोलन गरेर राजनीतिक व्यवस्था रूपान्तरण गरे । नेपालका सबैजसो लोकतान्त्रिक राजनीतिक रूपान्तरणको नेतृत्व पार्टीहरूले नै गरेका हुन् । तर, सत्तामा पुगेपछि ती राजनीतिक पार्टीहरू विचार, सिद्धान्त र जनजीविकाका सवालबाट विमुख भएका छन् ।

विगतका क्रान्ति र संघर्षका क्रममा जनतासमक्ष गरेका वाचा धुलिसात् भइसकेका छन् । सामन्तीविरुद्ध लडेका पार्टी र तिनको नेतृत्व पुँजीपतिमा रूपान्तरित भएका छन् । भ्रष्टाचारविरुद्ध संघर्ष गरेकै नेतृत्व या त भ्रष्टाचारमा संलग्न छ वा भ्रष्टाचारीको संरक्षणमा । धेरैजसो पार्टीको केन्द्रमा सामान्य नागरिक, मजदुर, किसान र श्रमिकका सवालमा कुनै छलफल हुँदैन, ती पार्टीको सम्झनाबाट मेटिइसकेका छन् । जनताका जीवनमा नयाँ-नयाँ संकट थपिएका छन्, तर ती संकट सम्बोधन गर्न राजनीतिक नेतृत्वको कुनै चासोको विषय रहेन । जनताको आशा र अपेक्षाको क्रूरतापूर्वक हत्या गरिएको छ ।

नागरिकमा निराशा र आक्रोश व्याप्त छ । राजनीतिक पार्टीको गैरजिम्मेवार हर्कतका कारण जनता नयाँ विकल्प खोजिरहेका छन् । यसैको प्रतिबिम्ब हो, नयाँ पार्टीप्रतिको आकर्षण । नेपाली राजनीतिमा उदाएका राजनीतिक पार्टीको मूल चरित्र लोकप्रियवादी नै देखिन्छ । जनताका असन्तुष्टिलाई राजनीतिक एजेन्डा बनाएर उदाएका पार्टीसँग पनि राज्यको समग्र समस्या हल गर्ने कुनै निश्चित विचार, दृष्टिकोण र ठोस योजना छैन । प्रशासनिक सुधारबाहेक सामाजिक-राजनीतिक रूपान्तरण, निम्न वर्ग र पछाडि पारिएका समुदायको आर्थिक जीवनमा सुधार र समाजमा व्याप्त बहिष्करण र विभेद हल गर्ने कुनै वैकल्पिक विचार देखिँदैन । यसको अर्थ पुराना राजनीतिक पार्टी र तिनको व्यवहार ठीक छ भन्ने कदापि होइन ।

**राजनीतिको चरित्र**

प्रियतावादी राजनीतिक पार्टीहरूको मुख्य राजनीतिक दर्शन यथास्थितिवाद र पश्चगमन नै हो । संसारभरिका प्रियतावादी राजनीतिक अभ्यासले यो कुरा पुष्टि गरिसकेको छ । नेपाली जनताले भोगेका समस्या समाधानको विधि पनि राजनीतिक रूपमै खोजिनुपर्छ । तर, राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ पार्टीमा राष्ट्रिय समस्या समाधान गर्ने विधि छैन । सीमान्तीकृत र उत्पीडित समुदायले संघर्षबाट प्राप्त गरेको संघीयतालाई स्वीकार गर्न सकेको देखिँदैन । यसको राजनीतिक स्वार्थ संघीयताको विरोध गरिरहेका जनमतलाई आफ्नो बनाउनु हो । यो राज्य पुनःसंरचनाविरोधी पश्चगामी विचार नै हो ।

नेपालको अर्थतन्त्र जर्जर अवस्थामा छ । विदेशी भूमिमा रगत-पसिना बगाएर आप्रवासी श्रमिकले पठाएको रेमिट्यान्सबाट राज्य सञ्चालन भइरहेको छ । लोकप्रियतावादी पार्टीसँग परनिर्भर र असफल आर्थिक प्रणालीले कुनै बिकल्प दिन सकेको छैन । नेपालको गरिबीको कारण र समाधानको कुनै नयाँ विकल्प तिनमा छैन, बरु नवउदारवादी पुँजीवादी व्यवस्थाको प्रवर्द्धन नै ती पार्टीका आर्थिक नीति हुन् । आत्मनिर्भर अर्थतन्त्र निर्माण उनीहरूको प्राथमिकतामा छैन, अर्थात् लोकप्रियतावादी पार्टीले नेपालको आर्थिक रूपान्तरण गर्ने कुनै सम्भावना देखिँदैन ।

नेपाली समाजमा आर्थिक, सामाजिक, बहुआयामिक विभेद र बहिष्करण व्याप्त छ । सम्भ्रान्त, पुँजीपति, राज्यसत्तामाथि निरन्तर दोहन गरिरहेको वर्ग र समुदायको दबदबा कायमै छ । यस्ता सामाजिक अन्तरविरोधको हल नगरी सामाजिक रूपान्तरण सम्भव छैन । ती मुद्दाको पहिचान र रूपान्तरण अहिलेको आवश्यकता हो । तर, समाजमा दैनिक रूपमा भइरहेका हिंसा, अत्याचार, शोषण, दमन, विभेद र बहिष्करण अन्त्य गर्ने सवाल प्रियतावादी राजनीतिको केन्द्रमा कहिल्यै पर्ने गरेको छैन । नेपालका प्रियतावादी पार्टी पनि योभन्दा भिन्न छैनन् । संसारभरिको प्रियतावादी राजनीतिक अभ्यासलाई हेर्ने हो भने यसको नेतृत्व उग्र राष्ट्रवादी र उत्पीडनकारी हुने गरेका छन् । ट्रम्पको ह्वाइट सुप्रिमेसी, मोदीको हिन्दु अतिवाद यसका उदाहरण हुन् । नेपालका प्रियतावादीसँग जातिवाद, नश्लवाद, पितृसत्ता अन्त्यको कुनै दृष्टिकोण छैन । तिनको नेतृत्वमा धर्मनिरपेक्षता र नश्लवादी अभ्यास प्रकट हुने गर्छ । सामाजिक विविधतालाई सहजै स्वीकार नगर्नु निर्जाती एकाधिकारवादी अभ्यास गर्नु हो ।

प्रियतावादको अर्को चरित्र अवसरवाद हो । यस्ता पार्टी जनताका आकांक्षालाई पक्रिन्छन्, प्रियतावादी नारा दिन्छन् र अन्नतः शक्ति आर्जनको स्रोत बनाउँछन् । रास्वपा र नेता रवि लामिछानेले भ्रष्टाचार, अनियमितताजस्ता जनसरोकारका मुद्दा उठाएर चुनाव जिते तर व्यवहारमा आफैं आर्थिक अपचलनमा परे । स्वार्थ बाझिने मन्त्रालयमा नेतृत्व गरेपछि भ्रष्टाचारविरुद्ध उभिने उनको नैतिक हैसियत गुमेको छ । यो नैतिकता उनको मात्रै होइन, उनको पार्टीका नेता कार्यकर्ताको समेत गुमेको छ । यो अवसरवादको परिणाम हो ।

प्रियतावादी राजनीतिको अर्को चरित्र अरूको अपमान गर्नु हो । संसारभरि नै प्रियतावादी शक्ति अन्य राजनीतिक पार्टीलाई अपमान र गाली गरेरै स्थापित भएका छन् । राजनीतिक रूपमा गलत क्रियाकलापको विरोध गर्नुपर्छ, यसको अर्थ अरू पार्टीले लोकतन्त्रका लागि खेलेको ऐतिहासिक भूमिकाको अवमूल्यन गर्नु पक्कै होइन । तथ्य र तर्कका आधारमा गरिने आलोचना स्वाभाविक रूपमा उपलब्धिमूलक हुन्छ । तर पुराना राजनीतिक पार्टीकै जस्तो घृणा र आलोचनाले जनतामा आकर्षण त बढाउँछ तर समाधान दिँदैन ।

एकाधिकारवादी प्रभुत्व प्रियतावादी राजनीतिको अर्को चरित्र हो । नेतृत्वले आफूलाई लागेको विचारलाई पार्टीको विचार बनाउने वा नेतृत्वमाथि प्रश्न उठाउनै नदिने एकाधिकारवादको अभ्यास प्रियतावादी राजनीतिमा हुने गरेको छ । जस्तोः लामिछानेमाथि उठेका दोहोरो नागरिकता, पासपोर्टदेखि सहकारी ठगी प्रकरणबारे छलफल भएको देखिँदैन । पार्टीका नेताले बौद्धिकतालाई नै तिलाञ्जली दिएर व्यक्तिको रक्षामा खडा हुनुपर्ने बाध्यता आइपरेको छ । प्रियतावादी राजनीतिले यसरी नै व्यक्तिको एकाधिकारवाद र अधिनायकवादको निर्माण गर्छ ।

**आवाज दबाउने हतियार**

प्रियतावाद व्यक्तिलाई बलियो बनाउने राजनीतिक विचार हो । संसारभरि भएका प्रियतावादी राजनीतिलाई विश्लेषण गर्ने हो भने यो विचारले व्यक्तिलाई बलियो शासकमा रूपान्तरित गरिदिन्छ । श्रीलंकाको महिन्दा राजापाक्षे हुन् वा ब्राजिलका बोल्सोनारो । टर्कीका रिपेप एर्डोगन हुन् वा भारतका नरेन्द्र मोदी । यी सबैले अपनाएको प्रियतावादी राजनीतिक अभ्यासले अधिनायकवादको प्रबर्द्धन गऱ्यो । आफूलाई बलियो शासक बनाउने उत्साहले उनीहरूलाई अधिनायकवादी शासकमा रूपान्तरित गरिदियो । अर्कोतिर यसले बहिष्करणमा पारिएका समुदायमाथि थप उत्पीडन र अत्याचार गऱ्यो । भारतकै उदाहरण हेर्ने हो भने मोदीको आगमनसँगै मुस्लिममाथि व्यापक दमन भयो ।

आदिवासी जनजाति र दलित अधिकारका पक्षमा बोल्नै नसक्ने अवस्थामा पुग्यो । अधिकारका पक्षमा काम गर्ने धेरै सामाजिक संघसंस्था बन्द हुन पुगे । अर्कोतिर, जसरी अमेरिकामा ट्रम्प प्रशासनले आप्रवासीलाई दुःख दिने काम गऱ्यो । राष्ट्रपति निर्वाचनको दौडमा रहेका ट्रम्पले केही महिना अगाडि आफ्नो चुनावी अभियानलाई 'अमेरिकालाई अशुभ शक्तिबाट मुक्त गराउने अभियान' का रूपमा व्याख्या गरेका थिए, यो आप्रवासीविरुद्ध गरिएको कटु आलोचना हो ।

नेपालमा प्रियतावादी राजनीतिक नेतृत्वमाथि तर्कसंगत प्रश्न गर्दा चौतर्फी आक्रमण गर्ने क्रम बढेको छ । जिम्मेवार नेतृत्वमाथि उठेका तर्कपूर्ण प्रश्नको राजनीतिक जवाफ दिनु नेतृत्वको जिम्मेवारी हो । तर प्रश्न उठ्नबाट बञ्चित गर्ने, प्रश्न उठाउने व्यक्तिमाथि सामूहिक आक्रमण गर्ने परिपाटी आफैंमा अधिनायकवादी राजनीतिको संकेत हो । लोकप्रियतावाद बहिष्करणमा पारिएका लिंग, जातजाति, धार्मिक र सीमान्तीकृत समुदायको आवाजलाई दबाउने हतियार बन्ने खतरा नेपालमा पनि बढ्दै गइरहेको छ । तथापि जनताको आशा, अपेक्षा र चाहनालाई सम्बोधन गर्न नसक्ने कुनै पनि राजनीतिक पार्टी जनताबाट बहिष्कृत हुन्छन्, चाहे ती नयाँ हुन् वा पुराना । संसारभरि लोकप्रियतावादी नेतृत्व अधिनायकमा परिणत हुने र जनताबाट बहिष्कृत हुने क्रम चलिरहेको छ । भारतमा मोदीको भारतीय जनता पार्टी जसरी खुम्चिँदै गइरहेको छ, लोकप्रियतावादी पार्टी र नेतृत्वले जनअपेक्षा पूरा गर्न सकेनन् भने यसरी खुम्चिँदै ओरालो यात्रामा लाग्नुको विकल्प छैन ।

*साभार- कान्तिपुर दैनिक ।*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९०, ५२६०९१, ०४१६२०४९१, ५२०२३०, ५२३८६४, ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## श्रीलक्त्तामा खाद्यान्नको मूल्य वृद्धि

कोलम्बो, १५ असार (रासस/एएफपी) : सङ्कटग्रस्त श्रीलङ्काको वार्षिक मुद्रास्फीति मे को ०.९ प्रतिशतको तुलनामा जुनमा करिब दोब्बर भई १.७ प्रतिशत पुगेको छ। श्रीलङ्काले आफ्ना ऋणदातासँग १० अर्ब अमेरिकी डलरको ऋणको पुनर्संरचना गर्न सम्झौता गरेको केही दिनपछि जनगणना तथा तथ्याङ्क विभागको यो तथ्याङ्क सार्वजनिक भएको हो । खाद्यान्नमा अघिल्लो बर्षको जुनको तुलनामा १.०४ प्रतिशतले मूल्य वृद्धि भएको विभागले जनाएको छ। सन् २०२२ मा श्रीलङ्काले आफ्नो विदेशी ऋण नतिरेपछि आर्थिक सङ्कट उत्कर्षमा पुगेको बेला मुद्रास्फिति बढेर करिब ७० प्रतिशत पुगेको थियो । श्रीलङ्काको केन्द्रीय बैंकले सन् २०२४ का लागि समग्र मुद्रास्फीति ५.० प्रतिशतभन्दा तल राख्न सक्षम हुने आशा व्यक्त गरेको छ। देशमा यसै वर्ष राष्ट्रपतिको निर्वाचन हुन लागेको छ र विपक्षी दलहरूले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को बेलआउटका शर्तहरूमा पुनः छलफल गर्ने प्रतिबद्धता जनाएका छन् । यसले गर्दा कडा मितव्ययिताका उपायहरू अपनाइएका छन् । आईएमएफले प्रतिद्वन्द्वी राजनीतिक दलहरूको वैकल्पिक प्रस्तावहरू सुन्न इच्छुक रहेको बताएको छ, तर बेलआउटमा निर्धारित महत्वपूर्ण शर्तहरू पालना गर्नुपर्नेमा जोड दिएको छ।

## केन्यामा सरकार विरोधी प्रदर्शनमा ३० जनाको मृत्यु

नैरोबी (केन्या), १५ असार (रासस/एएफपी) : केन्यामा पूर्वी अफ्रिकी देशमा कर पर्याप्त मात्रामा बढाउने सरकारी अभियानको विरोधमा यस हप्ता भएको विरोध प्रदर्शनमा कम्तिमा ३० जनाको मृत्यु भएको ह्युमन राइट्स वाचले शनिबार बताएको छ। केन्याली सुरक्षा बलले सन् २०२४ जुन २५ मा प्रदर्शनकारीहरूको भीडमा सिधै गोली हानेका र यसमा भागिरहेका प्रदर्शनकारीको पनि मृत्यु भएको अधिकारवादी समूहद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। ह्युमन राइट्स वाचका सहयोगी अफ्रिका निर्देशक ओत्सिनो नाम्वायाले प्रदर्शनकारी भाग्न खोज्दा औचित्य बिना भीडमा सिधै गोली चलाउनु केन्या र अन्तर ाष्ट्रिय कानूनअन्तर्गत पूर्ण रूपमा अस्वीकार्य भएको जनाउनुभएको छ।

## पटाका कारखानामा विष्फोट हुँदा चार जनाको मृत्यु

नयाँदिल्ली, १५ असार (रासस/सिन्ह्वा) : भारतको दक्षिणी राज्य तमिलनाडुको एउटा पटाका कारखानामा शनिबार भएको विस्फोटमा कम्तीमा चार जनाको मृत्यु हुनुका साथै अन्य केही घाइते भएका अधिकारीले बताएका छन् । विस्फोट तमिलनाडुको राजधानी चेन्नईबाट ५५३ किलोमिटर दक्षिणपश्चिममा रहेको विरुधुनगर जिल्लाको सतूर नजिकैको बन्दुवरपट्टी गाउँमा भएको थियो। प्रहरीका अनुसार विस्फोट हुँदा दर्जनौं व्यक्ति कारखानामा काम गरिरहेका थिए । विस्फोटका कारण कारखानामा आगो लागेको थियो। घटनालगत्तै आगो नियन्त्रणका लागि दमकल तथा उद्धारकर्मी घटनास्थलमा पुगेका थिए। कारखानामा १५ वटा कोठा रहेको अधिकारीहरूले बताएका छन् । यसमध्ये कम्तीमा तीन वटा आगोले पूर्णरूपमा जलेर नष्ट भएका छन् । प्रहरीले विस्फोटको अनुसन्धान सुरू गरेको छ।

## लद्दाखमा ट्याङ्क दुर्घटनामा पाँच सेनाको मृत्यु

लद्दाख, १५ असार (रासस/एएनआई) : लद्दाखको दौलत बेग ओल्डी क्षेत्रमा शुक्रबार साँझ सेनाको ट्याङ्क (लडाईमा प्रयोग हुने गाडी) दुर्घटना हुँदा पाँच भारतीय सेनाको मृत्यु भएको छ। सबै पाँच जनाको शवलाई घटनास्थलबाट निकाली आवश्यक अन्तिम परीक्षणका लागि पठाइएको छ । परीक्षणपछि शबलाई मृतकका आफन्तलाई बुझाइने सुरक्षा अधिकारीले बताएका छन् । सेनाले सञ्चालन गरेको टी-७२ ट्याङ्क नदी पार गर्ने अभ्यासका क्रममा दुर्घटनामा परेको थियो। पानीको सतह हिजो अचानक बढेका कारण दुर्घटना भएको रक्षा अधिकारीले बताए। "घटनाको समयमा ट्याङ्कमा एक जुनियर कमिश्नर अफिसर र चार जवान गरी पाँच सिपाहीहरू थिए।

## इरानको राष्ट्रपतीय मत गणनामा पेजेस्कियन र जलिलीको प्रतिस्पर्धा

तेहरान (इरान), १५ असार (रासस/एएफपी) : इरानका सुधारवादी उम्मेद्वार मसूद पेजेस्कियन र अति परम्परावादी समूहका सईद जलिलीले राष्ट्रपतीय निर्वाचनको मत गणनामा अग्रता कायम गरेको शनिबार आन्तरिक मन्त्रालयद्वारा जारी प्रारम्भिक परिणामले देखाएको छ । पछिल्लो परिणामअनुसार पेजेस्कियनले ८३ लाखभन्दा बढी मत प्राप्त गर्नु भएको छ भने पूर्व आणविक वार्ताकार जलिलीले ७१ लाखभन्दा बढी मत प्राप्त गर्नुभएको छ। हालको प्रवृत्ति जारी रहेको अवस्थामा दुवै उम्मेदवार जुलाई ५ हुने दोस्रो निर्वाचनमा प्रतिस्पर्धा गनुपर्नेछ । इरानी संविधान अनुसार यदि कुनै उम्मेद्वारले ५० प्रतिशतभन्दा बढी मत ल्याउन सकेनन् भने दोस्रो चरणको चुनाव गर्नु पर्ने प्रावधान रहेको छ। सन् १९७९ मा भएको इस्लामिक क्रान्तिपछि इरानमा भएको १३ वटा राष्ट्रपतीय चुनावमध्ये सन् २००५ मा भएको एउटा मात्र निर्वाचनमा दोस्रो चरणको मतदानबाट राष्ट्रपतिको चयन गरिएको थियो। आन्तरिक मन्त्रालयका अनुसार अहिलेसम्म एक करोड ९० लाखभन्दा बढी मत गणना भइसकेको छ। प्रारम्भिक परिणाममा कन्जरभेटिभ संसदका अध्यक्ष मोहम्मद बाघेर घालीबाफ लगभग २६ लाख मतसहित तेस्रो स्थानमा हुनुहुन्छ। यसैगरी चौथो स्थानमा परम्परावादी धर्मगुरु मुस्तफा पौरमोहम्मदीले १५ लाखभन्दा बढी मत प्राप्त गर्नुभएको छ। नियमित तालिका अनुसार सन् २०२५ मा हुनुपर्ने निर्वाचनका लागि करिब छ करोड १० लाख इरानी मतदान गर्न योग्य थिए। इस्लामिक गणतन्त्रमा चुनावी उम्मेद्वारहरूको जाँच गर्ने गार्जियन काउन्।


## उठो, जागो और तवतक नही रुको जव तक मंजिल मिल न जाए-स्वामी विवेकानन्द

यो उपदेशलाई आत्म साथ गर्दै विक्रम सम्वद २०६२ साल माघ ३ गतेदेखि जनक चौकमा अध्यात्म साधक तथा क्रान्तिकारी पत्रकार रवीन्द्र साह ले अस्तित्व आन्दोलन उद्घोष गर्दै जनकपुरधामलाई विश्वमा आफ्नो एउटा छुटै पहिचान स्थापना होस त्यसकोलागि गरेका २०६२ साल माघ महिनामा प्रकाशित गरेको अपिल जस्ताको त्यस्तै प्रकाशित गरिएको छ ।

श्रीगणेशाय नमः

### अस्तित्व आन्दोलनको अपील

विश्वका सम्पूर्ण नारीको आदर्श र विश्वका हिन्दूहरुको आस्थाको केन्द्र जानकी र उहाँको जन्भूमिमा अतिक्रमि,आडम्वरी, भ्रष्टाचारी तथा अपराधिक चरित्रको चंगुलमा फस्नु नेपाल र नेपालीको अस्तित्व र अस्मितामाथि कलंकको टिका सिद्ध हुन पुगेको छ ।

अतः जनकपुरको पावन भूमिमा जन्मेका नाताले हाम्रो पहिलो दायित्व जगत जननी जानकी, जनकपुर र जानकी मन्दिरसंग विश्व समुदायको जुन आस्था जोडिएको छ, त्यसको संरक्षण, सम्वर्द्धन र विकास गर्नु भएकाले हामी सामुहिक रुपमा निम्नानुसारको जनकपुरधामको विकास होस्, त्यसको लागि "अस्तित्व आन्दोलन" मा लागौ । आस्था र आदर्शका अतिरिक्त यस क्षेत्रको वासिन्दाहरुको जीविकोपार्जनसंग प्रत्यक्षरुपमा जोडिएको जानकी र जानकी मन्दिर समग्र नेपालको अर्थतन्त्रमा आफनो स्थान राख्दछ ।

अस्तित्व आन्दोलनले समग्र नगरिक समाजसंग यजुर्वेदको वयं राष्ट्रे जागृयाम पुरोहिताः लाई शिरोधार्य गर्दै सावधान भई पुरोहित(नेता), अगुवा बन्न सवैमा आग्रह गर्दछ । हाम्रो सुधार कसैले आएर गरी दिने छैनन् अतः जनकपुरधामलाई मानव कल्याणका पात्रहरु हुर्कने वातावरणयुक्त भूमिको रुपमा स्थापित गराउन लागौ ।

१) जनकपुरधामको धार्मिक अक्षुण्यता कायम राख्न मद्य,मांस,मदिरा, सूर्ती जन्य लागुपदार्थ, क्याविन रेष्टुरेन्ट तथा बलि लगायतको नाममा हुने जीव हत्यामाथि प्रतिवन्ध लगाइयोस् ।
२) जानकी मन्दिर लगायतको मठ-मन्दिरलाई दाता परिवारको सहभागितामा तिरुपति वा पशुपतिनाथ अनुसारको ट्रष्ट निर्माण गरी संचालन गरियोस् ।
३) स्वं श्री ५ वीरेन्द्रद्वारा बक्स गुरु योजना लागु गर्दै नगरको चारै तीरका सडक व्यवस्थित गरियोस् ।
३) जानकी मन्दिर लगायतका सम्पूर्ण मठ-मन्दिरको श्रीसम्पत्ति अविलम्व सार्वजनिक गरियोस् ।
४) जानकी मन्दिर लगायतका मठ-मन्दिरमा दैनिक विहानको आरती ६ वजे होस् ।
५) सम्पूर्ण मठ-मान्दिरको व्यवस्थापनमा अपराधिक क्रियाकलापमा लागेका, सार्वजनिक अपराधमा जेल भोगेका, फरार अभियुक्त, सक्रिय राजनीति गर्ने तथा मद्य, मांस, मदिरा र सूर्तीजन्य पदार्थ सेवना गर्नेहरुको प्रवेश निषेध गरियोस् ।
६) गुठी संस्थानले राममन्दिको अस्मिता हरण गर्ने गरी गरेको लुटतन्त्रका खलनायकहरुमाथि उच्चस्तरिय न्यायीक जाँच गरी दण्ड दिदै गुठीको वाँकि वक्यौताको हिसाव गर्दै गुठीलाई छुट्टी गरी राममन्दिरलाई समेत ट्रष्टको दायरामा ल्याइयोस् ।
७) पंचकोशी परिक्रममा क्षेत्रमा सडक, धर्मशालाको निर्माण गरी व्यवस्थित पारियोस् ।
८) रेल्वे सेवालाई वर्दिवास-जयनगरसम्म सुचारु रुपले संचालन गरियोस् ।
९) बाल्मिकी, तुलसीकृत र भानुभक्तको रामायण तथा रामाकान्त झाको व्यथाका श्लोकहरु ठाउँ-ठाउँमा लेखाउनुका साथै सोही बामोजिम जनकपुरधामलाई श्रृघारियोस् ।
१०) वेद अध्ययन अध्यापनको समुचित व्यवस्थासहित राजर्षिजनक विश्वविद्यालयको सिघ्र स्थापना होस् ।
११) मिथिलाको पावन भूमिमा पशुवधशालाको अवधारणलाई पस्न नदिई भ्रुणहत्या गर्ने र गराउनेलाई वहिष्कार गर्दै ज्ञान र विज्ञानको क्षेत्रमा यसभूमिको पौराणीक गौरव र गरिमालाई कायम राख्न संयुक्त परिवारको अवधारणलाई ध्वस्त पार्ने वृद्धाश्रम तथा राम, कृष्ण, सीता, बुद्ध बन्न सक्ने बालबालिकालाई मानसिक रुपमै सानै देखि वेसहारा भएको देखाउने अनाथाश्रमको अवधारणलाई समाप्त पारी गुरुकुल तथा स्वरोजगारको अवधारणा ल्याइयोस् ।
१२) मठ-मन्दिरको पोखरीहरु तथा नगर भित्रका सम्पूर्ण पोखरीमा व्यवसायिक माछा पालन गर्ने र मार्ने कार्य अविलम्व रोकी सिंघारा, कडहर, वडहर, सेरुकी जस्ता विभिन्न रोगहरुलाई निको पार्ने जलासयका फलहरुको उत्पादन तर्फ लाग्नु पर्ने ।
१३) पोखरीहरुको अतिक्रमण रोक्दै, पूर्वका सम्पूर्ण सार्वजनिक अतिक्रमित जग्गा खाली गराइयोस् ।
१४) पोखरीहरुको डिलमा घाट र धर्मशाला वाहेकका अन्य निर्माण कार्य रोक्दै, भई सकेकालाई नष्ट पारियोस् ।
१५) जगत जननी जानकीको दर्शन गर्न जाने श्रद्धालु भक्तजनलाई अपवित्र पार्ने गरी उत्तरी प्रवेश द्वारमा निर्माण गरिएको दिशाघरको पानी चुने गरेकाले, सोलाई अविलम्व बन्द गरिनु पर्ने ।
१६) विश्वभरीका नारीको आदर्श, हिन्दुको आस्था र जनकपुरवासीको जीविकोपार्जनसंग जोडिएको जानकी मन्दिरको सौन्दर्यमाथि कुप्रभाव पार्ने भांसा कोठालाई दक्षिण पट्टी निर्माण गरिएको भवनमा स्थानान्तर गरिनुपर्ने ।
१७) संत निवासको भवनमा जानकी जीवन ध्वनी र प्रकाशको संचालन हुनुपर्ने ।
१८) जानकी मन्दिरलगायतको सार्वजनिक स्थलहरुमाथि वाल पेंटिगं, पोस्तरिंग लगायतको प्रचार प्रसार माथि रोक लागोस् ।
१९) धार्मिक पुस्तकालय वाहेक कुनै पनि संस्थाको कार्यालय वा व्यापरिक प्रयोजनको लागि मन्दिरको भवन प्रयोगमाथि प्रतिवन्ध लाग्नु पर्ने र हाल रहेकोलाई खाली गराइयोस् ।
२०) मन्दिरहरुबाट संयुक्त रुपमा सकाहारी टेन्ट हाउस र पवित्रताको लागि मन्दिरको तर्फबाटै प्रसाद नैवेद्य निर्माणको व्यवस्था होस् ।
२१) धार्मिक अनुष्ठान, भजन, कीर्तन, अजान, माइकिङ्ग, प्रचार प्रसारको नाममा नगरमा हुने ध्वनी प्रदुषणमाथि रोक लागोस् ।
२२) नगरमा पोलोथिन झोलाको प्रयोगमाथि प्रतिवन्ध लागोस् तथा ढलनिकासको उचित व्यवस्था होस्।
२३) मठ-मन्दिरको श्रीसम्पत्तिबाट हुने आयलाई ज्ञान, विज्ञान र सार्वजनिक हितका काममा लगाउदै जनक दर्शनको प्रचार प्रसारमा जोड दिइयोस् ।
२४) जानकी मन्दिरको नाम जोडि गंगुलीमा निर्माण भई रहेको प्रस्तावित आयुर्वेदिक विश्वविद्यालयको लगानी र भावि योजना सार्वजनिक होस् ।
२५) शाही नेपाल बायु सेवा निगमको जनकपुरधामबाट सेवा शुरु गरियोस् ।

नोट :- यो आन्दोलनको मुख्य मांगहरु हो जुन प्रस्तावित मात्र छन्। माघ मसान्त पछि यसले पूर्णरुप लिने छ। अतः जनकपुरको माटो प्रतिको आफ्नो दायित्वलाई निर्वाह गर्दै यस मांगहरुलाई सल्लाह र सुझावबाट पूर्णता प्रदान गरौं र आन्दोलनमा लागौ ।

धर्ना :- २०६२ माघ ३ गते देखि माघ मसान्त सम्म स्थानः-राजर्षि जनकको दरवारको प्रांगन, जनक चौक।

समय :- दिउसो २:३० बजे देखि ६:३० बजे सम्म।

**संयोजक : रवीन्द्र साह**

नोट :- यस विचारसंग सहमत हुने हरु कृपया आफ्नो नाम र मोवाईल नम्वर इमेल : rabindrashah@yahoo . com मा पठाउनकालागि हार्दिक अनुरोध छ ।

आग्रहकर्ता

**रविन्द्र साह स्मृति प्रतिष्ठान**


# ENGLISH NEWS

## Panamanian court acquits 28 defendants in 'Panama Papers' trial

PANAMA CITY, June 29 : (AFP) - A Panamanian court on Friday acquitted 28 people charged with money laundering in connection with the now-defunct law firm Mossack Fonseca, the epicenter of the "Panama Papers" international tax evasion scandal.

Among those acquitted were the firm's founders, Jurgen Mossack and Ramon Fonseca, the latter of whom died in May in a Panamanian hospital.

During the trial, which was held in Panama City in April, the prosecution asked for 12 years in prison for the duo, the maximum sentence for money laundering. However, Judge Baloisa Marquinez acquitted the pair and 26 others after finding that evidence taken from the law firm's servers had not been gathered in line with due process, raising doubts about its "authenticity and integrity," a court statement said.

The judge also ruled that "the rest of the evidence was not sufficient and conclusive to determine the criminal responsibility of the defendants," the court statement said.

Leaked documents from Mossack Fonseca in 2016 revealed how many of the world's wealthy stashed assets in offshore companies, triggering scores of investigations around the globe. Those implicated included former British premier David Cameron, Russian President Vladimir Putin, football star Lionel Messi, Argentina's then-president Mauricio Macri and Spanish filmmaker Pedro Almodovar, to name but a few.

- 'Justice has been done' -

Panamanian prosecutors had alleged that Mossack and Fonseca helped create opaque companies in which executives of the German multinational Siemens deposited millions of euros outside the company's official accounts.

They were also charged with helping divert money from a massive fraud in Argentina. "Justice has been done, we are extremely satisfied with the ruling handed down by the judge," Guillermina McDonald, lawyer for Mossack and other defendants, told AFP.

However, "we are a little sad because along the way we lost Mr. Ramon Fonseca, and he has not been able to see this result," she added. The trial began eight years after the International Consortium of Investigative Journalists (ICIJ) began publishing the "Panama Papers" on April 3, 2016. The investigation, based on 11.5 million leaked documents from Mossack Fonseca, revealed how personalities from around the world hid properties, companies, assets and profits to evade taxes or launder money.

To do so, they created companies through the firm, opening bank accounts and creating shell foundations in multiple countries to hide money, which in some cases came from illicit activities, according to the investigation.

The scandal led to the closure of Mossack Fonseca and shaped the international image of Panama as an offshore tax haven. Offshore companies are not in themselves illegal, and there are numerous legitimate reasons for using them. But they can also be used to launder the proceeds of criminal activities or to conceal misappropriated or politically inconvenient wealth.

"Truly there has been a great injustice that has been done," Mossack said after the conclusion of the hearing. "Both my partner and all the people who have worked with me have been serious, honest and correct people," he added.

दैनिक विश्व जागरण

जि.प्र.का.ध.द.नं. ८१/०५६/५७ ध.जि.हु.द.नं. ३/०५६/५७

२०८१ साल, असार १६ गते आइतबार
Sunday, 30 - Jun., 2024

# प्रादेशिक अस्पताल जलेश्वर न्यूनतम सेवा मापदण्ड मूल्याङ्कनमा पहिलो



जासस, महोत्तरी, असार १५ गते। महोत्तरीको सदरमुकाम जलेश्वरमा रहेको प्रादेशिक अस्पताल जलेश्वर न्यूनतम सेवा मापदण्ड मूल्याङ्कनमा मधेश प्रदेशमा पहिलो भएको छ। प्रादेशिक अस्पताल जलेश्वरले ९३ प्रतिशत अङ्क ल्याउँदै मधेश प्रदेशमा पहिलो अस्पताल बन्न सफल भएको हो।

मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयका न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन कार्यक्रमका फोकल पर्सन तथा कोशी अस्पतालका चिकित्सक डा.दीपेन्द्र पाण्डेयको अनुगमन टोलीले गरेको अनुगमनको आधारमा प्रादेशिक अस्पताल जलेश्वरलाई प्रथम घोषणा गरेको हो। सिरहा अस्पतालको समेत ९३ प्रतिशत अङ्क रहेपनि विगतभन्दा अहिले अङ्क प्रतिशत घटेको तथा प्रादेशिक अस्पताल जलेश्वरको अङ्क बढेकाले जलेश्वर अस्पताललाई प्रथम घोषणा गरिएको हो।

विगतमा समेत ८६ प्रतिशत अङ्कका साथ प्रादेशिक अस्पताल जलेश्वर प्रदेशको दोस्रो स्थानमा रहेको थियो। मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयका न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन कार्यक्रमको अनुगमन टोलीमा फोकलपर्सन डा.पाण्डेयसहित स्वास्थ्य कार्यालय धनुषाका उमेश कुमार यादव, बर्दिबास अस्पतालका प्रमुख डा. कृष्णा महर्जन, एनएसआईका जनार्द्धन पाठक, स्वास्थ्य निर्देशनालयका शिवानी कार्की तथा रोजी ठाकुर रहनुभएको थियो। मधेश प्रदेशमा वर्षमा दुईपटक सिरहा अस्पताल, जलेश्वर अस्पताल, गौर अस्पताल, मलङ्गवा अस्पताल, लहान अस्पताल र कलैया अस्पतालको अनुगमन मूल्याङ्कन हुने गरेको छ।

न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमअन्तर्गत अस्पतालको अनुगमन मूल्याङ्कन समीक्षा कार्यक्रममा अस्पतालका प्रमुख डा.राजीव कुमार झाले सम्पूर्ण कर्मचारीहरूको अथक मेहनतले अस्पताल प्रदेशमा पहिलो बन्न सफल भएकोमा खुसी व्यक्त गर्नुहुँदै निरन्तर रूपमा यसरी नै काम गर्न सम्पूर्ण कर्मचारीहरूमा आग्रह गर्नुभयो।

उहाँले हाम्रो पहिलो काम भनेको बिरामीको उपचार रहेकोले सो काममा कुनै पनि कन्जुस्याइँ गर्न नहुने बताउनुहुँदै अस्पतालको सीमित स्रोत साधनका बाबजुद कर्मचारीहरूको मनोबल र कामले अस्पताल पहिलो बन्न सफल भएको बताउनुहुँदै अस्पतालमा अहिले पनि जनशक्ति १५ शय्याको मात्रै रहेको बताउनुभयो।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितिका सभापति सुमन कुमार लाल कर्णले अस्पतालले पाएको उपलब्धिलाई टिकाई राख्न कर्मचारीहरूसँग आग्रह गर्नुहुँदै रेफर अस्पतालबाट सुधार हुँदै गएकोमा धन्यवाद दिनुभयो।

कार्यक्रममा अस्पतालका अध्यक्ष मिन्नु झाले पाँच बेडको आइसियु सेवा तथा हेमोडायलायसिस सेवा सुचारुको पहल भइरहेको बताउनुहुँदै अस्पतालमा ल्याब सेवामा विस्तार र सुधारका साथसाथै चौबिसै घण्टा ब्लड बैङ्क सञ्चालनमा रहेको बताउनुभयो। उहाँले अस्पताललाई प्रदेशको पहिलो स्थानमा ल्याउन सफल भएकोमा सबैलाई बधाई तथा धन्यवाद दिनुभयो। कार्यक्रममा जलेश्वर नगरपालिकाका कार्यवाहक नगरप्रमुख रवीन्द्र यादव, महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, स्वास्थ्य कार्यालयका प्रमुख सुनिता गुप्तालगायतकाहरुले समेत अस्पतालमा सेवा,सुविधामा विस्तार हुँदै गएकोमा खुसी व्यक्त गर्नुहुँदै निरन्तरताको कामना गर्नुभयो।

# मधेसमा उमेर नपुगी विवाह गर्ने ५० प्रतिशतभन्दा बढी

जनकपुरधाम, असार १५ गते। राष्ट्रिय जनगणना-२०७८ को तथ्याङ्कअनुसार मधेसमा २० वर्ष नपुगी विवाह गर्ने किशोरीको सत्_या ५० प्रतिशतभन्दा बढी देखिएको छ। राष्ट्रिय जनगणनामा उल्लेख गरिएको विवरण अनुसार १५ देखि १७ वर्षभित्र विवाह गर्ने २७.७ प्रतिशत छन्।

यसैगरी १० देखि १४ वर्षको उमेरभित्र विवाह गर्ने ९.३ प्रतिशत र १० वर्ष उमेर मुनि विवाह गराइने ०.२ प्रतिशतसहित यो सत्_या ३७.२ प्रतिशत हुन्छ। अठार र २० वर्ष उमेरबिच विवाह गर्ने ३९.५ प्रतिशत छन्। दुलाहाको उमेर २० देखिए पनि दुलही १७ वर्षका पाइएका छन्। उमेर नपुगी विवाह भएका महिला ३९.५ को आधा हुँदा कूल उमेर नपुगी विवाह हुनेको सत्_या ५० प्रतिशतमाथि पुग्ने देखिएको बालविवाहविरुद्ध सामाजिक अभियान सञ्चालन गदै आएको रत्यौली युवा क्लबका अध्यक्ष वैद्यनाथ चौधरीले जानकारी दिनुभयो।

मधेसमा विवाह हुने सालाखाला औसत उमेर नै १८ वर्ष रहेको राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अभिलेखमा उल्लेख छ। पुरुषको उमेर २० वर्ष भए पनि महिला १७ वर्षसम्मका पाइएका छन्। बालविवाहको यो पाटोबाहेक अनमेल विवाह हुँदा पनि बालविवाहमा पर्ने किशोरी नै बढी रहेका देखिएको चौधरीले बताउनुभयो। पछिल्ला केही वर्षयता अनमेल विवाह घट्दै गए पनि समाजमा पाको उमेरका पुरुषको सम्पत्ति हेरेर उमेर नपुगेकी छोरी दिनेहरू समाजमा अझै बाक्लै रहेका उहाँको भनाइ छ।

बालविवाहको यो अवस्था अन्त्य गर्न जिल्लाका स्थानीय तहले विभिन्न सामाजिक सङ्घसँगको सहकार्यमा सामाजिक जागरण अभियान सञ्चालन गदै आएका छन्। मटिहानी, बलवा, मनराशिशवा, जलेश्वर र लोहारपट्टी नगरपालिका तथा पिपरा र महोत्तरी गाउँपालिकामा बालविवाहविरुद्ध सामाजिक जागरणका लागि विवाह प्रणाली सुधार परियोजना सञ्चालन भइरहेका मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले जानकारी दिनुभयो। यी सात स्थानीय तहका ४९ वटा विद्यालयमा बालविवाह अन्त्यका लागि जीवनोपयोगी शिक्षा र व्यवहार परिवर्तन सम्बन्धी सैद्धान्तिक कक्षा, छलफल र अभ्यास भइरहेका जनाउँदै यसबाट सकारात्मक परिणाम प्राप्त भइरहेको नगरप्रमुख मण्डलले बताउनुभयो।

बालविवाह न्यूनीकरणका लागि स्थानीय सरकारले विद्यालयमा बालबालिका र अभिभावकबिच जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन, तालिम र बालमैत्री शासनलगायत कार्यक्रम सञ्चालन गराइरहेका छन्।

मटिहानी नगरपालिकाले उमेर पुगेपछि छोराछोरीको विवाह गराउने अभिभावक, विवाह विधि सम्पन्न गराउने गुरु-पुरोहित तथा मोल्वी (इस्लाम धर्मावलम्बीका पुरोहित) लाई सामाजिक सम्मान गर्दै आएको छ। रासस

गेष्ट हाउस
सरोज यादव
+977-9746566825
+977-9819617086
गोविन्द सेवा समिति
जनकपुरधाम-२३, दुधमती पुल बेला
AC-Deluxe Room
शादी विवाह, सेमिनार हल, पार्टी पैलेस के व्यवस्था है
शुद्ध साकाहारी भोजन र आवासको उत्तम व्यवस्था

## प्रदेश सरकारले प्रदेश शिक्षा नीति........

साथै केही विद्यालयका बालकक्षाहरु लाई व्यवस्थित गर्न प्रदेश सरकारले आर्थिक सहयोग गर्ने कार्यक्रम ल्याएको बताउनुभयो। उहाँले खास गरेर दलित विपन्न वर्गका बालबालिकाले आर्थिक अभावका कारण विद्यालय छोड्ने गरेको भन्दै त्यस्ता खालका समस्या समाधानका लागि मन्त्रालयले दलित विपन्न वर्गका विद्यार्थीसहित अभिभावकलाई समेत सहयोग गर्ने कार्यक्रम ल्याएको जानकारी गराउनुभयो। उहाँले दलित विपन्न वर्गका विद्यार्थीको अभिभावकलाई मासिक ५० केजी चामल, पाँच केजी दाल सहयोग दिने कार्यक्रम मन्त्रालयले ल्याएको बताउनुभयो। एकलो प्रयासले कुनै पनि काम सम्भव नहुने भन्दै मधेशको साक्षरता दर बढाउनका लागि मन्त्रालयले सुरु गर्न लागेको विशेष अभियानमा सबैको सहयोग आवश्यक भएको उहाँको भनाइ रहेको छ।

कार्यक्रममा सहभागी प्रदेशसभा सदस्यहरू र शिक्षा क्षेत्रका जानकारहरूले प्रदेशमा विद्यालय छोडने दर घटाउन र साक्षरता दर बढाउनका लागि विभिन्न किसिमका सुझाव दिनुभएको थियो। कार्यक्रममा मधेश प्रदेशको शिक्षाको अवस्था विषयमा मन्त्रालयका उप सचिव किशोरी कापर, शैक्षिक सुधारका लागि नीतिगत व्यवस्था, चुनौती तथा समाधानका उपायको विषयमा विष्णु कुँवरले प्रस्तुतीकरण गर्नुभएको थियो। शिक्षा निर्देशनालय मधेश प्रदेशका निर्देशक दिलीप ठाकुरको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रदेशसभा सदस्य राम अशिष यादवले शिक्षा क्षेत्रमा गर्नुभएको कामकाजको विषयमा आफ्नो अनुभव सहितको प्रस्तुति गर्नुभएको थियो।

# बर्दिबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
स्थापना २०७३
मधेश प्रदेश

## बोलपत्र स्वीकृत आशयको सूचना

प्रकाशन मिति - २०८१/०३/१६ गते।

यस कार्यालयको लागि E–Bidding मार्फत सेनिटरी प्याड खरिद सम्बन्धि बोलपत्र मिति २०८१/०२/०७ मा आव्हान भएअनुसार दर्ता हुन आएका मध्ये तपशिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागी छनौट भएको हुँदा उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | बोलपत्र | कामको विवरण | छनौट भएको बोलपत्र दाता |
|---|---|---|---|
| १ | NCB/BM/GOODS/080/031/01 | सेनिटरी प्याड खरिद | श्री बिराट हेल्थकेयर इन्डस्ट्रिज प्रा.लि. टंकिसुनवारी, मोरङ |

बर्दिबास नगरपालिका

संस्थापक/प्रकाशक तथा सम्पादक स्व. रवीन्द्र साह / सम्पादक तथा प्रकाशक : आर. पि. साह, प्रधान कार्यालय : मिडिया कम्लेक्स, सरस्वतीराज सदन, जानकी चौक जनकपुरधाम-३, फोन : ५२३०८३, ५२७७८३, फ्याक्स : ०४१-५२७६८३, ०४१-५२१०८३ (निवास)
सिन्धुली कार्यालय : कमलामाई नगरपालिका वा.नं.६, फोन नं.०४७-५२०५३८, सिरहा कार्यालय : ०३३-५६२०४५१ मुद्रण : राजर्षि जनक अफसेट प्रिंटर्स :-०४१-५२३०८३